# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

## बबरमहल, काठमाडौं

वित्त विश्लेषक (तह १०) पदमा व्यवस्थापन करारद्वारा पदपूर्तिको लागि तयार गरिएको

कार्यक्षेत्रगत शर्त **(Terms of Reference)**

**१. कम्पनीको परिचयः**

अपार जलश्रोतको धनी मुलुक नेपालमा यसको उचित उपयोग गर्न नसकेको कारण हाल ऊर्जा संकट गहिरिदै गएको अवस्था छ । यसै परिप्रेक्ष्यलाई मनन् गर्दै मुलुकको जलश्रोतको यथोचित विकास एवं व्यवस्थापन गर्नको लागि वित्तीय श्रोतसाधनको अभाव महशुश गरिएको छ । मुलुकको आर्थिक सामाजिक रुपान्तरणको प्रमुख माध्यमको रुपमा रहेको जलश्रोतको विकास मार्फत वर्तमान उर्जा संकटलाई समाधान गर्नुको साथ साथै मुलुकको समृद्धि प्राप्तिमा समेत ठूलो टेवा पुऱ्याउने हेतुले अभाव रहेको वित्तीय साधन प्रवाह गर्न एक पव्लिक लिमिटेड कम्पनी संस्थापना गर्ने निर्णय भए अनुरुप मिति २०६८ असार २७ गतेका दिन जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको स्थापना भएको हो । कम्पनीको कार्यालय बबरमहल, (जिल्ला विकास समितिको कार्यालय काठमाण्डौं कम्प्लेक्स) काठमाण्डौंमा रहेको छ । कम्पनीको हालको पूँजी संरचना यस प्रकार रहेको छ । कम्पनीको अधिकृत पूँजी रु. ५० अर्ब रुपैया रहेको, तत्काल जारी शेयर पूँजी रु १० अर्ब रुपैया रहेको छ । जारी पूँजी रु. १० अर्बमध्ये नेपाल सरकारका तर्फबाट रु. ५ अर्ब, कर्मचारी संचयकोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषका तर्फबाट रु.१/१ अर्ब संस्थापक शेयरधनीका रुपमा लगानी रहेको र रु. २ अर्ब सर्वसाधारणका लागि छुट्याइएकोमा हाल सो समेत निष्काशन भई चुक्ता भईसकेको छ ।

**२. कम्पनीको उद्देश्यः**

(क) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा कम्पनीले शेयर वा ऋण लगानी गर्ने ।

(ख) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनाका लागि बैंक तथा वित्तीय संस्था मार्फत लगानी गर्ने ।

(ग) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट ऋण तथा अनुदान प्राप्त गर्ने ।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने ।

(ङ) जलविद्युत परियोजनाले जारी गर्ने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने ।

(च) जलविद्युत परियोजनाहरुको प्राविधिक मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्नेछ ।

**३. वित्त विश्लेषक पदको कार्यविवरणः**

**क) कार्य सारांश :**

लगानीका लागि प्राप्त भएका र लगानी भइसकेका परियोजनाहरूको वित्तीय पक्षको मूल्याङ्कन विश्लेषण गर्ने एवं कम्पनीको नगद प्रवाह, वित्तीय विवरण, लगानी संरचना, राष्ट्रिय पूँजी बजारका परिसूचकहरू को अध्ययन विश्लेषण गर्ने ।

**ख) काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी :**

- देशको मौद्रिक, बैंकिङ्ग र वित्तीय स्थिति, नीति, यसले कम्पनीको स्रोत परिचालनमा पर्न सक्ने प्रभावका सम्बन्धमा अध्ययन विश्लेषण गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरूले स्रोत परिचालन, लगानी तथा असुलीका सम्बन्धमा अवलम्वन गरेका रणनीतिहरूको अध्ययन विश्लेषण गर्ने ।
- देशको वित्तीय तथा बैंकिङ्ग क्षेत्रको नियमन गर्ने निकायहरुले अवलम्बन गरेका नीति नियम निर्देशनहरूको नियमित अध्ययन गर्ने ।
- लगानीका नयाँ क्षेत्रहरूको पहिचानका लागि देशको व्यवसायिक एवं औद्योगिक स्थिति र लगानीका अवसरहरूको सम्भाव्यता अध्ययन र विश्लेषण गर्ने ।
- कम्पनीको नगद प्रवाह स्थितिको अल्पकालीन र दीर्घकालीन प्रक्षेपणका आधारमा लगानी योग्य वित्तीय स्रोतको पूर्वानुमान गर्ने ।
- लगानीको संरचनाको आधारमा क्षेत्रगत प्रतिफलको स्थितिको विश्लेषण गर्ने ।
- कम्पनीमा प्राप्त हुने कर्जा लगानी सम्बन्धी प्रस्तावहरूको प्रचलित लगानी नीति, कार्यविधि र अन्य आधारमा परियोजना प्रस्तावहरूको वित्तीय एवं व्यवस्थापकिय पक्षको विश्लेषण गरी लगानीको सम्भाव्यताको निरुपण गर्ने ।
- ऋण स्वीकृत भईसकेका परियोजनाहरूबाट ऋण सम्झौताअनुसार ऋणको किस्ता भुक्तानीका लागि माग भई आएमा परियोजनाको संचालन स्थिति र कार्य प्रगतिको विश्लेषण गरी पेश गर्ने ।
- परियोजनाको संचालन स्थिति, कार्य प्रगति र ऋण सम्झौताको पालनाको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा निर्देशन दिने ।
- परियोजना विश्लेषणका लागि आवश्यक सूचना, तथ्याङ्क र जानकारीहरू अद्यावधिक गरी राख्ने ।
- आफु मातहतका कर्मचारी परिचालन र विदा स्वीकृति गर्ने ।
- सुपरिवेक्षकबाट निर्देशित अन्य कुनै कार्य गर्ने वा जिम्मेवारी निर्वाह गर्ने ।

**ग) अधिकारको सीमा**

- कम्पनीको प्रबन्धपत्र, निवमावली, विनियमावली र कार्यविधिले तोकेबमोजिम वा सञ्चालक समित वा प्रमुख कार्यकारी अधिकृतले प्रत्यायोजन गरेबमोजिम ।

## ४. न्यूनतम शैक्षिक योग्यता र अनुभवः

**(क) न्यूनतम योग्यताः** मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी चार्टर्ड एकाउन्टेन्सीसँग सम्बन्धित व्यवसायिक संस्थाको सदस्यता प्राप्तगरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट वित्त मूल विषय लिई व्यापार प्रशासनमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरेको र वित्त विश्लेषक भई कम्तीमा ५ वर्ष सेवा गरेको अनुभव हासिल गरेको ।

**(ख) उमेरः** ४५ वर्ष ननाघेको ।

**५. कार्य योजना सहितको प्रस्ताव पेश गर्नुपर्ने :**

(क) जलविद्युत लगानी तथा विकास कम्पनीको उद्देश्य नीति एवं रणनीति परिपूर्तिको लागि उक्त पदले सम्पादन गर्नुपर्ने कार्यविवरण तथा प्रस्ताव मूल्यांकनका निर्धारित आधारलाई समेत मनन् गरी आफ्नो Vision तथा दृष्टिकोण सहितको विस्तृत कार्य योजनाको प्रस्ताव प्रस्तुत गर्नुपर्नेछ ।

(ख) उम्मेदवारले चार प्रति कार्य योजनासहितको प्रस्ताव (४५०० शब्दमा नबढने गरी) सिलबन्दी रुपमा पेश गर्नु पर्नेछ ।

(ग) उम्मेदवारले दस्तुर वापत रु. १०००।- नगदै वा कम्पनीको नाउमा एभरेष्ट बैंकमा रहेको खाता (नं. ००१००१०५२०१०९८) मा दाखिला गरेको सक्कल भौचर समेत साथै राखी पेश गर्नुपर्ने छ ।

**६. मूल्यांकनका आधारः**

| | | | |
|---|---|---|---|
| १. उम्मेदवारहरुको व्यक्तिगत शैक्षिक योग्यता वापत | | | ५ अंक |
| (क) स्नातकोत्तर/चाटर्ड एकाउन्टेन्सी | | ४ अंक | |
| (अ) प्रथम श्रेणी वापत | ४ अंक | | |
| (आ) द्वितीय श्रेणी वापत | ३ अंक | | |
| (ई तृतीय श्रेणी वापत | २ अंक | | |
| (ख) विद्यावारिधी | | १ अंक | |
| डिभिजन नखुलेको हकमा द्वितिय श्रेणि सरह गणना गरिने छ । | | | |
| २. उम्मेदवारको अनुभव वापत | | | १० अंक |
| (क) न्यूनत्तम ५ वर्षको अनुभव वापत | | ५ अंक | |
| (ख) अतिरिक्त अनुभव वापत प्रतिवर्ष १ का दरले अधिकतम | | ५ अंक | |
| ३. व्यवसायिक तथा वित्तीय कार्य योजना वापत | | | २० अंक |
| (क) विषयवस्तुको समग्रताः सम्बन्धित विषयवस्तुको पहिचान (Comprehensiveness: Coverage of Issues) | | ५ अंक | |
| (ख) संगठनको नीति उद्देश्य तथा कामहरुको विषयमा रहेको जानकारी | | ५ अंक | |
| (ग) प्रस्तावमा उठाइएका विषयवस्तुहरुको बुझाई, विश्लेषण, र लेखन शैली | | ५ अंक | |
| (घ) कार्ययोजना (संरचना, समस्या पहिचान र समाधानका उपाय) | | ५ अंक | |
| ४. व्यक्तिगत अन्तर्वार्ता (व्यक्तित्व, आत्मविश्वास, विषयवस्तुको ज्ञान) वापत | | | १० अंक |
| ५. प्रस्तुतीकरण (विषयवस्तु र उद्देश्यको स्पष्टता, तर्कपूर्ण अभिव्यक्ति र उठाइएका मामला संबोधन गर्ने क्षमता) वापत | | | ५ अंक |
| | जम्मा | | ५० अंक |

**७. पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, तालिम तथा सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत बैयक्तिक विवरण (Bio-Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रका प्रतिलिपिहरु स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ग) प्रस्ताव प्रस्तुतीकरण गर्न आउँदा शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल समेत साथै लिई आउनुपर्नेछ ।

८. झुठो विवरण वा कागजात पेश गरेमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

९. छनौट भईसकेको उम्मेदवारसँग कार्यसम्पादन सम्झौता गरिनेछ ।